
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस १८ गते बुधबार ❑ 3 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## अवसर दिएमा हिमालय एयरलायन्सले अन्तर्राष्ट्रिय उडान गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस



हिमालय एयरलायन्स कम्पनीले आफुहरुलाई अवसर दिएमा पोखराबाट नियमित अन्तरास्ट्रिय हवाई उडान गर्ने जनाएको छ । पोखराका पर्यटन व्यवसायी, रास्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिना सहितको छलफल कार्यक्कममा कम्पनीका अध्यक्ष झाओ एनयोंगले आफुहरुलाई अनुमती दिएको अबस्थामा पोखरामा अन्तर्राष्ट्रिय हवाई उडान गर्ने जनाउनु भएको हो ।

सबै तर्फबाट सहयोग प्राप्त हुने वातावरण सृजना भएमा हिमालयन एयरलायन्सले पोखराबाट नियमित चीन लगायतका अन्य पर्यटकीय गन्तव्यसम्म पनि उडान गर्न आफुहरु तयार रहेको उहाँले जनाउनुभयो । अध्यक्ष झाओले पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्न चिनिया पक्ष, नेपाली पक्ष र एयर लाइन्सको संयुक्त प्रयास आवश्यक भएको बताउदै चीनबाट बार्षिक रुपमा १० करोड पर्यटकले बाह्य देशमा भ्रमण गर्ने गरेको र त्यसको १ प्रतिशत मात्र नेपालमा आए पनि १० लाख हुने र त्यो सम्भव भएको उहाँको भनाई थियो ।

कम्बोडियाले दुई बर्षमा चिनिया पर्यटकको संख्या १० गुणा बढाएर ४० लाख पुरयाएको दाबी गर्दै अध्यक्ष झाओले पोखराको प्राकृतिक सुन्दरता, ट्रेकिंग, प्याराग्लाइडिङ लगायतले चिनिया पर्यटकलाई आकर्षित गरेको उल्लेख गर्नुभयो । नेपाल सरकारले बिमान स्थलमा लाग्ने विभिन्न शुल्कमा छुट दिएर एयर लाइन कम्पनीहरुलाई प्रोत्साहन गर्न उडानका लागी आकर्षित गर्नुपर्ने र श्रम, भिसा लगायतका कुरामा सहज बनाउनुपर्ने उहाँको माग थियो । सन् २०२३ को जनवरी १ मा भव्य समारोहका बीच नेपाल सरकारका प्रधानमन्त्री पुष्प कमल दहाल(प्रचण्ड) बाट उद्घाटन भएको पोखरा अन्तर ष्ट्रिय विमानस्थलबाट हालसम्म पनि नियमित अन्तरास्ट्रिय उडान हुन नसकेकोमा विभिन्न क्षेत्रबाट चिन्ता र चासो व्यक्त गरिएको छ।

राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले पोखरा अन्तराष्ट्रिय बिमानस्थलबाट नियमित उडान गर्न आवश्यक भएको बताउदै यसका लागि सम्बन्धित मन्त्री तथा प्रधानमन्त्रीले कुटनैतिक प्रयास गर्नुपर्ने कुरामा जोड दिनुभयो । गण्डकी प्रदेशबासीले निर्माणको क्रममा देखाएको जस्तै सर्व पक्षीय एकता र सक्रियता प्रदर्शन गरेर सरकारलाई यस बिषयमा गम्भीर हुन आग्रह गर्दै आवश्यक परेमा दबाब दिनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा अन्तर्राष्ट्रिय हवाई उडान गर्ने बिषयमा राष्ट्रिय सभाका अध्यक्ष र हिमालय एयरलायन्सलाई सकरात्मक प्रयासका लागी धन्यबाद दिदै पोखरा र गण्डकी प्रदेशको तर्फबाट जस्तो सुकै पहल र प्रयास गर्न पनि तयार रहेको बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका पूर्व सदस्यहरु बासुदेव त्रिपाठी, टिकाराम सापकोटा, पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष चिरन्जीवी पोख्रेल, महासचिव संजयकान्त सिग्देल, उपाध्यक्ष कृष्ण भण्डारी, नरेश भट्टराई, धर्म पन्थी, कृष्ण आचार्य, हरेराम अधिकारी लगायतले पोखराबाट अब अन्तराष्ट्रिय हवाई उडान नगरे आन्दोलनको विकल्प नभएको चेतावनी दिनुभयो ।

## पोखरामा एक युवाको रहस्यमय मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

पोखरामा एक युवाको रहस्यमय ढंगबाट मृत्यु भएको छ । माछापुच्छ्रे गाउँपालिका ७ धम्पुसका करिब २७ बर्षीय विकास बिश्वकर्माको पोखराको एक होटलमा रहस्यमय ढंगले मृत्यु भएको उनका आफन्तले दाबी गरेका छन् ।

पुष १५ गते बेलुका पोखराको सडक महोत्सवमा पुगेर पोखरा चाउथेको एक होटलमा पुष १६ गते बिहान करिब २:४५ बजे पुग्नु भएको बिश्वकर्मा होटल पुगेको करिब ४५ मिनेटमै उहाँको रहस्यमय ढंगले मृत्यु भएको उहाँका बाबु बुद्धिबहादुर बिश्वकर्माले बताउनु भयो । बिश्वकर्मासंगै उहाँकी प्रेमीका समेत साथै भएकोले उहाँको कारण आफ्नो छोराको नियोजित ढंगले हत्या भएको हुनसक्ने उहाँका बाबुले दाबी गर्नु भएको छ। होटलमा पुगेको करिब ४५ मिनेटमै बिश्वकर्माकी प्रेमीकाले चिच्याउदै पुष १६ गते बिहान ३:३० बजे होटलमा खबर गरे पछि प्रहरी घटनास्थल पुगेको थियो । घटनास्थलमा पुग्दा बिश्वकर्मा नग्न अबस्थामा डोरीले झुण्डीएको अबस्थामा भेटिनु भएको थियो । मृतकका आफन्तले घटना रहस्यमय भएको भन्दै आन्दोलन गरे पछि हाल बिश्वकर्माको शव पोखराको मणिपाल शिक्षण अस्पतालमा पोष्टमाटमको लागि राखिएको छ।

उक्त घटनाको बिषयमा हाल अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता डिएसपी श्रवणकुमार बि.क.ले बताउनु भयो । उक्त घटनाको बिषयमा पोष्टमाटमको रिपोर्ट आए पछि मात्र घटनाको बारे थप केही भन्न सकिने उहाँले जनाउनु भयो । उक्त घटनामा संलग्न भएको आरोपमा एक युवतीलाई प्रहरीले सोधपुछको लागि नियन्त्रणमा लिएको छ।

## गण्डकी र बागमतीका यातायातमन्त्रीबीच छलफल

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

यातायात व्यवस्था कार्यालय कास्कीमा सवारी साधनको विद्युतीय अभिलेखीकरण गरिएको छ । गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले सेवा प्रवाह सुधारका लागि यातायात कार्यालयलाई फाइल र ढड्डामुक्त बनाउने लक्ष्यसहित यसको सुरुआत गरेको हो ।

यातायात कार्यालयमा सफ्टवेयरको विकास गरेर सुरुआतमा परीक्षणका रुपमा विद्युतीय अभिलेखीकरण गरिएको हो। अभिलेखीकरणपछि फाइल र ढड्डा खोज्दा समयको बचत, जनशक्तिलाई कामको भार कम र कार्यालय व्यवस्थित बनेको छ। गण्डकीमा यातायात मन्त्रालयले सुरु गरेको अन्य सुधारका कार्यका बारेमा आज बागमती प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयको टोलीले पोखरामा जानकारी लिएको छ।

बागमतीका यातायातमन्त्री लक्ष्मण लम्साल, मन्त्रालयका सचिव बलराम निरौला, यातायात महाशाखा तथा यातायात कार्यालयका प्रमुखसहितको टोलीले गण्डकीमा यातायात क्षेत्रको सुधारका लागि चालिएका कदमका बारेमा जानकारी लिएको हो । गण्डकीको यातायात मन्त्रालयले यातायात कार्यालयका सेवालाई सवारी कर अनलाइनबाटनै भुक्तानीको व्यवस्था, यातायात कार्यालय बिहान आठ बजेदेखी सञ्चालन तथा पोखरा उपत्यकामा मिटरमा ट्याक्सीलाई अनिवार्य गर्ने लगायतका सुधारका काम थालेको छ । मन्त्रालयमा भएको छलफलमा गण्डकीका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले यातायात कार्यालयको सेवा प्रवाह सुधारका लागि गरिएका कामका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले प्रदेशमा परीक्षणका रुपमा यातायात व्यवस्था कार्यालय सवारी कास्कीमा रहेका पुराना सबै फाइल र ढड्डालाई विस्थापित गरी विद्युतीय अभिलेखीकरण गरिएको र यसबाट सेवाग्राहीले झन्झटरहित रुपमा छिटो सेवा पाएको बताउनुभयो ।

सवारी साधनको विवरणलाई विद्युतीय अभिलेख


बाँकी अन्तिम पृष्ठमा ▶▶


## रुसी सेनामा कार्यरत थप तीन नेपालीको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

रुसी सेनामा कार्यरत थप तीन नेपाली नागरिकको मृत्यु भएको छ।

रुस-युक्रेन युद्धमा थप तीन जना नेपालीको मृत्यु भएको परराष्ट्र मन्त्रालयले मंगलबार जनाएको हो। मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले राहदानी नं १२२९९८९१ वाहक स्याङ्जाका हरिप्रसाद अर्याल, राहदानी नं ११०२७१७५ वाहक कैलालीका भरबहादुर शाह र राहदानी नं ०७५७३७३८ वाहक धादिङका राजकुमार गिरीको निधन भएको जानकारी प्राप्त भएको जानकारी दिनुभयो । यसअघि रुसी सेनामा कार्यरत गोरखाका सन्दीप थपलिया, कपिलवस्तु वाणगङ्गा-१का रुपक कार्की, पोखरा कास्कीका देवान राई, पुतलीबजार-५ स्याङ्जाका पितम कार्की, मेलुङ-६ दोलखाका राजकुमार रोका, इलाम-५ इलामका गङ्गाराज मोक्तान र कुन्दन सिंह नागलको मृत्यु भइसकेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

## मातृ तथा पेरिनेटल मृत्यु निगरानी र प्रतिकार्य समितिको बैठक सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

पोखरा महानगरपालिकामा गत आर्थिक वर्ष २०७९/८० मा ७ जना गर्भवती महिलाको मृत्यु भएको छ।

विभिन्न कारणले गर्भवती महिलाको मृत्यु हुने गरेको पोखरा महानरपालिका स्वास्थ्य महाशाखाका नर्सिङ निरिक्षक सविना श्रेष्ठले जानकारी दिइन् । उनका अनुसार कास्की जिल्लामा १३ जना गर्भवती महिलाको मृत्यु भए र ती मध्य ७ जना पोखरा महानगरका भएको बताइन् ।उनका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को साउन यता दुई जना गर्भवती महिलाका मृत्यु भएको छ।

उनले दिएको जानकारी अनुसार पोखरा -८ की रोशनी क्षेत्री र पोखरा २९ की सावित्री सुनारको मृत्यु भएको हो । रोशनीको आफैले पेट्रोल खन्याएर आगो लगाएको र सुनारले कुलोमा माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको हो । पोखरा महानगरमा यस वर्ष ६ हजार महिला सुत्केरी हुन्छन् भन्ने अनुमान गरिएको उनले बताइन् । गत आर्थिक वर्ष २०७९/८० मा पोखरा सहित कास्की जिल्ला र अन्य जिल्लाका गरी १३ हजार महिला सुत्केरी भएको तथ्यांक रहेको महानगर नर्सिङ निरिक्षक श्रेष्ठले बताइन् ।


विभिन्न कारणले हुने मातृ मृत्यु दर न्यूनिकरण गर्ने उद्देश्यले स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी र प्रतिकार्य समिति रहने र उक्त समितिले मातृ मृत्यु हुनुको कारण बारे छलफल गर्दै समुदायमा कार्यक्रम सञ्चालन गर्ने गरी नेपाल सरकार स्वास्थ्य मन्त्रालयले कार्यविधि बनाएर उपप्रमुखको संयोजकत्वमा समिति रहने ब्यवस्था गरको छ।

पोखरा महानगरपालिका उप्रमुख मञ्जुदेवी गुरुङको अध्यक्षतामा मंगलबार बसेको समितिको बैठकमा समितिका सदस्यसचिव समेत रहेकी महानगर नर्सिङ निरिक्षक सविना श्रेष्ठले मातृ मृत्यु दर न्युनिकरणका र २८ हप्ताको गर्भदेखि जन्मेको एक हप्ता सम्मको नवजात शिशुको मृत्यु दर घटाउने र आमा तथा शिशुको मृत्यु हुन नदिने बारे जनचेतनामुलक कार्यक्रम सञ्चालनका लागि बैठकले कार्ययोजना बनाउने निर्णय गरेको बताइन् । उनका अनुसार पहिलो प्राथमिकता गर्भवती आमाको सुरक्षामा ध्यान दिने गरी कार्यक्रम जनसमुदायमा पुर्‍याउने गरी योजना बनाउने र त्यसको कार्यान्वयन स्वास्थ्य संस्थाहरुले गर्ने बताइन। उनले मातृ मृत्युलाई कम गराउन स्वास्थ्यकर्मीलाई क्षमता अभिबृद्धि गर्ने र पूर्वाधार युक्त बनाउने कार्यमा समितिले पहल गर्छ।

गभर्वती महिलाको मृत्यु हुने वित्तिकै त्यसको बारेमा अध्ययन गर्ने चिकित्सकले के कारण मृत्यु भयो भन्ने बारेमा पत्ता लगाउने र समिति समक्ष प्रतिवेदन प्रस्तुत गरेपछि आगामी कार्ययोजना तयार बैठकले गर्ने नर्सिङ निरिक्षक श्रेष्ठले बताइन्। मातृ तथा पेरिनेटल मृत्यु निगरानी र प्रतिकार्य कार्यक्रमको संयोजकमा पोखरा महानरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङ संयोजक, सदस्यहरुमा पोखरा महानगरका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापा, स्वास्थ्य महाशाखा प्रमुख हेमप्रसाद आचार्य, सामाजिक महाशाखा प्रमुख निर्मला शर्मा, निजि अस्पतालहरुको प्रतिनिधिबाट चिकित्सक जुनु श्रेष्ठ, कजएसाइन्मेन्ट चिकित्सक डा. नवीन श्रेष्ठ सदस्य रहेका छन् भने सदस्यसचिमा पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा नर्सिङ निरिक्षक सविना श्रेष्ठ सहित सात सदस्यीय समिति रहेको छ । बैठकमा गर्भवती महिलाहरुलाई जाँच गर्दा फरक फरक कार्ड दिने गरिएको भन्दै त्यसलाई एउटै मनाउने बारेमा सुझाव समेत दिइएको छ।

नीजि स्वास्थ्य संस्थाको प्रतिनिधित्व गरेकी मणिपाल शिक्षण अस्पतालकी चिकित्सक जुनु श्रेष्ठले महिला गर्भवती हुन मानसिक र शारिरिक रुपमा तयार छ की छैन भन्ने विषयमा ख्याल गर्नुपर्ने बताइन् । उनले महिलाको अवस्था बारे नबुझी गर्भधारण गर्दा आमाको मृत्यु हुने गरेको बताइन्। मृत्यु दर मानसिक स्वास्थ्य र विभिन्न रोगकका कारण बढेको बताइन् ।उनले अझै पनि जनचेतनामुलक कार्यक्रमको खाँचो रहेको औल्याइन ।

पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले मृत्युको कारण पत्ता लगाई त्यसको न्यूनिकरणमा सचेतना मुलक कार्यक्रम संचालन गनुपर्नेमा जोड दिइन् । पछिल्लो समय शिक्षित भनिएका गर्भवती महिलाहरुको मृत्यु हुने गरेको बताउदै स्वास्थ्यका बारेमा सचेत बनाउनुपर्ने अवस्था रहेको बताइन्।

# पोखरामा प्रथम प्रादेशिक कृषि यान्त्रिकरण प्रदर्शनी हुने

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

कृषि यान्त्रीकरणको प्रबर्द्धन र सचेतना गराउने उद्देश्यले पोखरामा यही पुष २० गतेदेखि प्रथम प्रादेशिक कृषि यान्त्रिकरण प्रदर्शनी हुने भएको छ। पोखरा प्रदर्शनी केन्द्रमा पुस २२ गतेसम्म उक्त प्रदर्शनी हुने भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो।

प्रदर्शनीमा ७० भन्दा बढी व्यावसायिक तथा सेवामुलक स्टलहरू हुने भएको नेपाल कृषि मेसिनरी व्यापारी संघका अध्यक्ष कृष्ण शर्माले बताउनु भयो। उक्त कार्यक्रममा ४० जिल्लाका करिव ३० हजार सहभागी हुने अपेक्षा गरिएको उहाँले बताउनु भयो। १० बढी मुलुकबाट कृषि औजार, उपकरण तथा प्रबिधिहरू प्रदर्शनी एवं बिक्रि गरिने भएको संघले जनाएको छ। प्रदर्शनीमा न्यूनतम ५ प्रतिशत देखि २० प्रतिशतसम्म छुट हुने भएको छ। प्रदर्शनीमा करिब ५ करोड भन्दा बढीको आर्थिक कारोवार हुने अपेक्षा गरिएको छ।

प्रदर्शनीमा कृषि औजार, उपकरण, प्रविधि उत्पादक उद्यमी व्यवसायीहरु, आयातकर्ता, वितरक, डिलर, सब-डिलरहरु, सरकारी एवं गैढ़ सरकारी संघ संस्थाहरु, कृषि विज्ञ, अनुसन्धानकर्ता, शैक्षिक संस्थाहरु, अनुसन्धान संस्थाहरु सेवा प्रदायक कृष कृषक समूह, सहकारी संघ संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरूको सहभागीता हुने भएको छ।

गण्डकी प्रदेशका, कृषि विकास निर्देशनालयका महानिर्देशक वासुदेव रेग्मीले उक्त प्रदर्शनीले यस क्षेत्रका किसानलाई राहत मिल्ने बताउनु भयो। प्रदेश सरकारको ५ लाखको बजेटमा उक्त कार्यक्रम हुन लागेको उहाँले बताउनु भयो। सो कार्यक्रम तराईमा गर्दा ५० लाख बजेट आए पनि पहाडी क्षेत्रमा प्रमोशन गर्न पोखरामा गरिएको उहाँको भनाई थियो। शहर केन्द्रित, विदेशजाने युवा, बादर लगायतको समस्याले धेरै क्षेत्रमा जग्गा बाझो भएको महानिर्देशक रेग्मीको भनाई थियो। पछिल्लो समयमा धेरै प्रविधिहरु भित्रिएकोले त्यसलाई नेपालीहरुले प्रयोगमा ल्याउन सक्दा कम लागतमा धेरै उत्पादन बढाउन सकिने उहाँले दाबी गर्नु भयो। पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले रैथाने बाली संरक्षण सहित कृषि यात्रीकीकरणमा पहुच पुर्याउन यस्ता कार्यक्रमले सहयोग हुने बताउनु भयो। प्रदर्शनीमा नेपालको कृषि तथा पशुपालन क्षेत्रलाई यान्त्रीकरण, औद्योगिकरण, आधुनिकीकरण तथा व्यबसायीकरण गर्न टेवा पुर्याउने उद्देश्यले आयोजना गरिएको यस प्रदर्शनीमा आधुनिक कृषि, पशुपालन, मत्स्यपालन, पुष्प खेती, व्यवसायीक तरकारी खेती र प्रशोधन तथा बजारीकरण सम्बन्धी आधुनिक यन्त्र, उपकरण तथा प्रविधिका सामाग्री, बीउबिजन, आधुनिक सिंचाई लगायतको राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय क्षेत्रमा रहेका प्रतिष्ठित कम्पनीहरुको सहभागिता रहने संघले जनाएको छ।

गण्डकी प्रदेश, कृषि विकास निर्देशनालय-मालेपाटन, पोखरा, पोखरा महानगरपालिका, पोखरा, कास्की, नेपाल सरकार, कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन र यस संघको संयुक्त आयोजनामा उक्त कार्यक्रम हुने भएको हो। कृषि यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी गोष्ठी, सेमिनार, रैथाने वालीहरुको परिकार प्रदर्शन तथा कृषि जैविक विविधता संरक्षण सम्बन्धी प्रदर्शनी, कृषि जैविक विविधता संरक्षण सम्बन्धी छलफल/अन्तरक्रिया हुने भएको छ।

# पोखरामा रोटरी युथ लिडरसिप अवार्ड (राइला)को तयारी तिब्र

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

पोखरामा रोटरी डिस्ट्रिक ३२ ९२ ले आयोजना गर्ने रोटरी युथ लिडरसिप अवार्ड (राइला) कार्यक्रमको तयारी तिब्र पारिएको छ।

आगामी पुष २६ देखि २९ गतेसम्म पोखराको लेवाडेमा हुने रोटरी युथ लिडरसिप अवार्ड (राइला) कार्यक्रमको तयारी व्यापक बनाइएको राइलाका चियर राजेन्द्र लिगलले जानकारी दिए। उनका अनुसार सो कार्यक्रममा १६-२० वर्ष उमेर समूहका ५० जना युवाको सहभागिता रहने छ। 'रोटरी डिस्ट्रिक ३२९२ को आयोजनामा रोटरी युथ लिडरसिप अवार्ड (राइला) हामीले प्रत्येक वर्ष विभिन्न स्थामा आयोजना गर्दै आएका छौं', लिगलले भने,' राइला कार्यक्रम यसवर्ष हामीले पोखरामा आयोजना गर्दै छौं पोखराको सम्पूर्ण क्लब यसको तयारीमा लागि परेका छौं।' उनले युवाहरुलाई नेतृत्वदायी भूमिकामा पुऱ्याउने र नेतृत्व केहो भन्ने बुझाउन रोटरी युथ लिडर सिप अवार्ड (राइला) कार्यक्रम आयोजना गरेको बताए।

'रोटरी युथ लिडरसिप अवार्ड (राइला) को मुख्य उद्धेश्य भनेको युवाहरुलाई नेतृत्वदायी बनाउने हो, युवाहरुलाई दुर्व्यसनी र नराम्रो काममा लाग्नबाट बचाउने कार्यक्रमको उद्धेश्यको हो', उनले भने, 'यो अवार्ड विभिन्न उमेर समूहका युवाहरुलाई वितरण गर्दै गर्दै आएका छौं यस वर्ष भने हामीले १६-२० वर्ष उमेरसमूहका लागि वितरण गर्दै छौं।' राइला कार्यक्रमले युवालाई नेतृत्व विकासमा सहयोग पुऱ्याउने बताउँदै उनले चार दिनको कार्यक्रममा युवाहरुलाई विभिन्न तालिमहरु प्रदान गर्ने बताए। उनका अनुसार यसपटकको अवार्ड कार्यक्रममा नागरिकको अधिकार र कर्तव्य सम्बन्धि विषयसमेत समावेश गरिएको छ।

'कुनै पनि देशको नागरिकको देशको विकास के छ के हुँदै छ भन्ने जान्न पाउने अधिकारी नागरिकको हो, त्यसैले वर्षको अवार्ड कार्यक्रममा नागरिकको अधिकार के हो ? भन्ने विषयपनि समावेश गरेका छौं।' रोटरी युथ लिडरसिप अवार्ड कार्यक्रममा रोटरीसंग सम्बन्धीत विज्ञ व्यक्तिहरुले उत्पेरक तथा नेतृत्व विकास सम्बन्धी तालिम प्रदान गर्ने जनाइएको छ। सहभागीहरुको क्षमता दक्षता र सिकाइको आधारमा युवा नेतृत्व छनौट गर्दै अवार्ड प्रदान गरिने छ।

# भद्रकाली बहुमुखी क्यम्पसमा खेलकुद कार्यक्रम सुरु

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस



पोखरा महानगरपालिका वडा नम्बर १३ को एकमात्र उच्च शैक्षिक संस्था भद्रकाली बहुमुखी क्याम्पसमा मंगलवारदेखि वार्षिक खेलकुद कार्यक्रम सुरु भएको छ।

तीन दिनसम्म चल्ने खेलकुद कार्यक्रम क्याम्पस सञ्चालन समितिका अध्यक्ष माधवप्रसाद सिग्देलले उद्घाटन गर्दै विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षा सँगै खेलकुद पनि अनिवार्य भएको चर्चा गर्नु भयो। कार्यक्रममा खेलका रेफ्री दिलिप गुरुङलाई क्याम्पस सञ्चालन समितिका अध्यक्ष सिग्देलले भलिबल प्रदान गरी वार्षिक खेलकुद कार्यक्रम शुरु गरिएको हो। कार्यक्रममा पुरुष र महिलाका छुट्टाछुट्टै भलिबल, बास्केटबल, टेबल टेनिस, छेलो फाल्ने, डोरी तान्ने र पुरुष फुटबल गरी छवटा खेलहरू समाबेश गगरीएको छ। पहिलो दिन भएका खेलहरु मध्ये। पुरुष डोरी तान्ने, पुरुष छेलो फाल्ने खेलहरू सम्पन्न भएका छन्। बि. बि. एस. र बि. ए. का छात्राहरूको भलिबल खेलको फाइनल दोस्रो दिन बुधवार हुने छ। दोस्रो दिन पुरुष भलिबल, पुरुष टेबल टेनिस, पुरुष बास्केटबल तथा महिला बास्केटबलका खेलहरू सम्पन्न गर्ने तालिका रहेको सहायक क्याम्पस प्रमुख नारायणप्रसाद सापकोटाले जानकारी दिनुभयो। कार्यक्रमका सभापति क्याम्पस प्रमुख नवराज रेग्मीले विश्वविद्यालबाट अनुदान द्वारा प्रदान गरिने गुणस्तर सुनिश्चितता तथा प्रत्यायानको लागि अग्रसर रहेको चर्चा गर्नु भयो। भद्रकाली बहुमुखी क्याम्पसमा सञ्चालन गरिने वार्षिक कार्यतालिका अनुसारका विभिन्न अतिरिक्त क्रियाकलापहरूमा हुने गरेको विद्यार्थीहरूको उत्साहित सहभागिताले क्याम्पसलाई आफ्नो लक्ष्य हासिल गर्न सहज भइरहेको कुरा बताउनुभयो।

क्याम्पसका अतिरिक्त क्रियाकलाप तथा परीक्षा संयोजक बुद्धिसागर सापकोटाले सञ्चालन गर्नुभएको कार्यक्रममा विद्यार्थी गुणस्तर सर्कलकि उपाध्यक्ष ज्योति गुरुङ लगायत सम्पूर्ण टिमले खेलाडी संयोजन गरेका थिए। यस वार्षिक खेलकुद कार्यक्रमको पुरस्कार वितरण यही पौष २० गते शुक्रबार गरिने सहायक क्याम्पस प्रमुख नारायण प्रसाद सपाकोटा जनाकारी दिनुभयो।

# अन्नपूर्ण क्षेत्रमा इतिहासकै बढी पर्यटक भित्रिए

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

पदयात्राका लागि विश्व प्रसिद्ध अन्नपूर्ण क्षेत्रमा सन् २०२३ मा एक लाख ९१ हजार पाँच सय ५८ विदेशी पर्यटक भित्रिएका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार उक्त सङ्ख्या हालसम्मकै बढी हो। त्यसअघि सबैभन्दा बढी सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए।

"अन्नपूर्ण क्षेत्रमा सन् २०२३ मा पर्यटक आगमनमा नयाँ रेकर्ड कायम भएको छ", अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले भन्नुभयो, "पछिल्लो समय दक्षिण एसियाली देशका पर्यटक बढेका छन्, अन्य देशका पर्यटक भने घटेको पाइएको छ।" सन् २०१९ मा दक्षिण एसियाली देशका जम्मा ५३ हजार सात सय १० पर्यटक अन्नपूर्ण पुगेकामा गत वर्ष ९७ हजार पाँच सय ५४ जना उक्त क्षेत्रको भ्रमण गरेका थिए।

अन्य देशका पर्यटक भने पहिलेको तुलनामा घटेको 'एक्याप'को तथ्याङ्कमा उल्लेख छ। सन् २०१९ मा 'सार्क' क्षेत्रबाहेकका देशका एक लाख २७ हजार दुई सय ९० पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएकामा गत वर्ष जम्मा ९४ हजार चार जनाले सो क्षेत्र घुमेको आयोजना प्रमुख डा कडरियाले जानकारी दिनुभयो। उहाँका अनुसार सन् २०२३ मा एक सय ७३ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए। जसमध्ये सबैभन्दा बढी भारतका ९६ हजार एक सय ८७ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका हुन्। सो अवधिमा फ्रान्सका आठ हजार पाँच सय २६, जर्मनका सात हजार छ सय ४१, अमेरिकाका सात हजार दुई सय ४९, बेलायतका सात हजार एक सय ७४ र चीनका छ हजार तीन सय २३ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको तथ्याङ्क छ। कोभिड-१९ महामारीका बेला पर्यटक आगमन ह्वात्तै घटेकामा महामारीको अन्तयसँगै अन्नपूर्ण क्षेत्रको पर्यटनले पुनः पुरानैलय समातेको हो। उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए। त्यसको अर्को वर्ष अर्थात् सन् २०२२ मा एक लाख २९ हजार सात सय ३३ पर्यटक त्यस क्षेत्रमा पुगेका थिए। आयोजना प्रमुख डा कडरियाले पुराना पदमार्ग विस्थापित हुँदै जाँदा पदयात्राका लागि आउने युरोप-अमेरिकाका पर्यटकको सङ्ख्या घटेको बताउनुभयो। "सडक मार्ग विस्तारले अन्नपूर्ण क्षेत्रमा पदमार्गको अस्तित्व सङ्कटमा परेको छ, जसले गर्दा पदयात्रामा आकर्षण घट्दै गएको पाइएको छ, विश्वका उत्कृष्ट १० गन्तव्यभित्र परिसकेको अन्नपूर्ण क्षेत्रको पहिचानलाई कायमै राख्न यस क्षेत्रका पदमार्गलाई जोगाउनु आवश्यक छ, पर्यटन सम्बद्ध सबैको यसतर्फ ध्यान जानु जरुरी छ।" अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। "आन्तरिक पर्यटकको सङ्ख्या त एकिन नै गर्न सकिँदैन, सडक मार्ग भएर मुस्ताङ र मनाङ छिर्नेको सङ्ख्या उल्लेख्य रहेको हुन्छ", प्रमुख डा कडरियाले भन्नुभयो, "असोज-कात्तिक र चैत-वैशाख गरी दुई याममा पर्यटकको चाप बढी हुन्छ।" सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ।

तीन वर्षअघि चर्चित अन्तर र्ष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नैपर्ने दस गन्तव्य सूचीमा राखेको थियो। गत कात्तिकमा नेपाल भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस अन्नपूर्ण आधार शिविर पुगेपछि यस क्षेत्रको महत्व थप चुलिएको थियो। त्यस बखत उहाँले हिमालमा सूर्योदयको किरण देखेर आफू छक्क परेको र नेपालको प्राकृतिक बनोट अद्भूत रहेको बताउनुभएको थियो। अमेरिकी समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा परेको मुस्ताङ उपत्यका पनि अन्नपूर्ण संरक्षण क्षेत्रमै पर्छ।

पर्यटक पथप्रदर्शक दिवस गुरुङले अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको बताउनुभयो। "कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा तय गर्न सकिन्छ", उहाँले भन्नुभयो।


## गण्डकी ...

राख्ने कार्यलाई प्रदेशका अन्य जिल्लामा विस्तारको योजना रहेको मन्त्री जुग्जालीले जानकारी दिनुभएको थियो। "ठूलो सङ्ख्यामा रहेका ढड्डा र फाइलका कारण चाहिएको बेलामा फेला पार्न नसकिने, च्यातिने तथा हराउने समस्या थियो। अहिले सबै फाइललाई स्क्यानिङ गरी कम्प्युटरमा राख्ने काम कास्कीको यातायात कार्यालयबाट थालनी गरेका छौं", उहाँले भन्नुभयो, "यसबाट कार्यालयको सेवा छिटो र चुस्त भएको छ। सेवाग्राहीको समय बचत भएको छ।"

छलफलमा यातायात क्षेत्रको सुधारका लागि दुई प्रदेशले संयुक्त रुपमा गर्न सकिने कामका बारेमा समेत छलफल भएको थियो। बागमतीका यातायातमन्त्री लम्सालले यातायातका फाइल 'डिजिट लाइज' गर्ने कार्यलाई बागमतीले प्राथमिकतामा राखेको बताउनुभयो। गण्डकीको अनुभव र यसका लागि गरिएका प्रक्रियालाई अनुशरण गरी आफ्नो प्रदेशमा कार्यान्वयन गर्ने योजना रहेको उहाँले सुनाउनुभयो।

बागमतीको टोलीले कास्कीको यातायात व्यवस्था कार्यालय सवारी र सवारी चालक अनुमतिपत्र दुवै कार्यालय, ट्रायल सेन्टरलगायतको अवलोकन गरी जानकारी लिएको थियो।

सो अवसरमा यातायात व्यवस्था कार्यालय कास्कीका प्रमुख डिल्ली रिजालले यातायातका फाइल विद्युतीय अभिलेखीकरण प्रक्रियाका बारेमा जानकारी गराउनुभएको थियो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

**सम्पादकीय**

# लय समाउँदै पर्यटन क्षेत्र

कोभिड–१९ महामारी शुरू भएपछि थलिएको नेपालको पर्यटन क्षेत्र पुरानै लयमा फर्किएको छ । सन् २०२३ मा नेपाल भ्रमण गर्ने पर्यटकको संख्या १० लाख नाघेको छ । कोभिड–१९ महामारीपूर्वका वर्षको नेपालमा सन् २०१८ र २०१९ पछि १० लाखभन्दा धेरै पर्यटक भित्रिएको यो तेस्रो वर्ष हो । पर्यटन बोर्डको तथ्यांक अनुसार सन् २०२३ मा १० लाख १४ हजार ८८६ पर्यटक नेपाल भित्रिएका छन् । यो गत वर्षको तुलनामा ६५ प्रतिशत धेरै हो । नेपालले बितेका कैयौं वर्षदेखि बर्सेनि १० लाखभन्दा धेरै पर्यटक भित्र्याउने लक्ष्य राख्दै आएको थियो । कोभिड–१९ महामारी शुरू हुनुअघिका दुई वर्षमा लक्ष्यभन्दा धेरै पर्यटक भित्रिएका थिए । सन् २०१९ मा झन्डै १२ लाख पर्यटक नेपाल भित्रिएका थिए। यो अहिलेसम्मकै सर्वाधिक पर्यटक आगमन हो। तर कोभिड–१९ महामारी शुरू भएपछिका तीन वर्षको पर्यटक आगमन निकै निराशलाग्दो अवस्थामा पुगेको थियो । हरेक महीना ८५ हजार हाराहारीमा पर्यटक भित्रिन थालेपछि पर्यटन क्षेत्रले तंग्रिने सम्भावना देखाएको छ ।

पर्यटक आगमन बढेसँगै पर्वतारोहण, होटल तथा रेस्टुरेन्ट, पदयात्रा लगायत पर्यटन क्षेत्र चलायमान हुने गरेको छ । नेपालमा रोजगारी सिर्जनाका लागि पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान छ । वैदेशिक मुद्रा आर्जनका लागि पर्यटन महत्वपूर्ण स्रोत हो । नेपाल राष्ट्र ब्यांकका अनुसार गत आर्थिक वर्षमा नेपालले पर्यटन क्षेत्रबाट करीब ६२ अर्ब रुपैयाँ आम्दानी गरेको थियो । कोभिड–१९ को महामारी सकिएर वैश्विक आवागमनको क्रम बढेपछि त्यसको प्रभाव नेपालमा पनि देखिएको छ । महामारीका समयमा चीन सहितका कैयौं देशले आफ्ना नागरिकलाई भ्रमणमा रोक लगाएका थिए ।

नेपाल भ्रमणमा आउनेमध्ये सर्वाधिक पर्यटक भारतका हुने गरेका छन्। त्यसपछि चीन, अमेरिका तथा यूरोपका पर्यटकको संख्या धेरै हुन्छ। भारतीय पर्यटक अधिकांश धार्मिक यात्राका लागि र अन्य देशका पर्यटक पर्वतारोहण, बिदा मनाउन तथा पदयात्राका लागि आउने गरेका छन । सन् २०२२ मा अक्टोबरमा सर्वाधिक एक लाख १७ हजार ३०६ पर्यटक नेपाल आएका थिए । त्यसैगरी, नोभेम्बरमा एक लाख आठ हजार ६३० पर्यटक नेपाल भित्रिएका थिए। नेपालमा अक्टोबर र नोभेम्बर तथा मार्च र अप्रिल महीनामा अन्य समयका तुलनामा बढी पर्यटक आउँछन्। पर्यटक बढी आउने सिजनमा बढी कमाइ हुने र कम आउँदा आन्तरिक पर्यटक तान्ने योजना नीजि क्षेत्रले गर्दै आएको छ ।

नेपालका हिमश्रृङखला देखि सांस्कृतिक सम्पदा र साहसिक पर्यटनको लागि नेपाल उपयुक्त छायो सन्देश पर्यटक आगमनले देखाएको छ। यो सन्देश नेपालको पर्यटन क्षेत्र सुधार हुँदैछ भन्ने उदाहरण हो । नेपालमा वायुसेवा सस्तो र युरोपबाट सिधा उडान हुने वातावरण बनाउन सके पर्यटक बढ्छन भन्ने स्पष्ट भएको छानेपाली वायुसेवा कम्पनीले नियमित र भरपर्दो सेवा दिन सक्ने अवस्था बनाउन सरकारको चासो हुनुपर्छ । सरकारले निजी क्षेत्रलाई विश्वासमा लिएर पर्यटन क्षेत्रमा सरकारको लगानी बढाउन सक्नुपर्छ । संयुक्त राष्ट्रसंघ महासचिव एन्टिनो गुटेरेसको नेपाल भ्रमणका बेला सगरमाथा र अन्नपूर्ण आधार शिविरमा भएको भ्रमणले पनि पर्यटन क्षेत्रमा राम्रो सन्देश गएको छासरकारले सबै क्षेत्रको सहयोग र समन्वयमा पर्यटनका लागि पुर्वाधार र सुरक्षामा ध्यान पुर्याउन सकेमा पर्यटन क्षेत्रले सकारात्मक प्रभाव पार्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलतामन | तुला | : मानसिक तनाव |
| वृष | : चन्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# घलेगाउँका घरबास पर्यटकले खचाखच

**पोखरापत्र संवाददाता**
लमजुङ, १७ पुस

क्व्होलासोथरगाउँपालिका–३ स्थित घलेगाउँका घरबास (होमस्टे) यतिबेला नववर्ष २०२४ मनाउन आएका पर्यटकले भरिभराउ छन् ।

समुद्री सतहबाट दुई हजार एक सय मिटरको उचाइमा रहेको प्राकृतिक छटाले भरिपूर्ण घलेगाउँ पर्यटकले भरिएको ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिका कार्यालय सचिव दीर्घराज घलेले राससलाई बताउनुभयो । उहाँले भन्नुभयो, "विगतमा ४०–५० जना पर्यटक आगमन भइरहे पनि नयाँवर्ष मनाउन आउने पर्यटक यतिबेला बढेका छन् । अहिले दैनिक तीन–चार सयको हाराहारीमा पर्यटक आएका छन् ।" तीन सय जनाको क्षमता रहेको घलेगाउँ घरबास सबै पर्यटकले भरिएर अन्य घर र होटलमा सारिएको उहाँले बताउनुभयो । घरबास सञ्चालक हेमकुमारी गुरुङकाका अनुसार अहिले घलेगाउँका घरबास सञ्चालकलाई भ्याइनभ्याई छ। उहाँले पर्यटक आउने अहिलेको याममा प्रतिघरबासले रु ५० हजारभन्दा बढी आम्दानी गर्ने गरेका जानकारी दिनुभयो। विसं २०५७ देखि सञ्चालनमा भएको घरबास यहाँ बढेर अहिले ४२ घरबास पुगेको छ।

पर्यटकको सत्कारसँगसँगै घरबासमा आफ्ना कला, वेशभूषा, संस्कार, संस्कृति जोगाइराख्न जुटेका उनीहरुको जातीय पहिचानसहित सांस्कृतिक नृत्यसमेत प्रस्तुत हुने गरेका छन्। विसं २०६२/६३ को जनआन्दोलनपछि देशमा गणतन्त्र स्थापना भएसँगै गठन भएको संयुक्त सरकारको परराष्ट्रमन्त्रीस्तरीय सार्क बैठकले नेपाल सरकारको पहलमा घलेगाउँलाई सार्क राष्ट्रकै नमूना ग्रामीण पर्यटन गाउँका रूपमा घोषणा गरेको थियो। घलेगाउँबाट आठ हजार एक सय ६३ मिटरको मनास्लु हिमाल, सात हजार आठ सय ३५ को डादीचुली (डा हर्क हिमाल), सात हजार नौ ३५ मिटर उचाइको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल (चौथो)लगायत धेरै हिमालको दृश्यावलोकन गर्न सकिन्छ।

यहाँ आउने पर्यटकलाई घरबास सञ्चालकले गाउँघरमै उब्जाइएका धान, मकै, कोदो, भटमास, साग, सिस्नो, स्थानीय कुखुरा, खसीबोका, भेडाको मासुबाट तयार हुने स्वादिष्ट परिकार पस्कने गरेका छन्।

आफ्ना कला संस्कृति जोगाइराख्न जुटेका गुरुङसेनीको जातीय पहिचानसहित कृष्ण चरित्र, लामा, सोरठी, घ्याब्रे, पच्चु, झ्याउरे, चुट्का, झाँक्री, सेर्गालगायतका लोपोन्मुख सांस्कृति नृत्यसमेत प्रस्तुत गरी गाउँमा आएका पर्यटकलाई स्वागत, सम्मान र बिदाइमा सेतो टीका, फूलको माला, गुच्छा र खादा लगाइन्छ। विभिन्न परम्परागत नृत्य प्रस्तुत गर्नु घलेगाउँवासीको परम्परा नै हो। घलेगाउँमा प्रतिव्यक्ति एक रातको रु एक हजार दुई सय ५० शुल्क लिइन्छ।

# सहरमा जनसङ्ख्या बढ्दै, ग्रामीण भेगमा घट्दै

**रासस**
काठमाडौं, १७ पुस

राष्ट्रिय तथ्याङ्क कार्यालयले मंगलबार नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ।

सो अध्ययनमा कार्यालयले सहरी, सहरोन्मुख र ग्रामीण क्षेत्रमा भइरहेको बसोबासको तथ्याङ्क विश्लेषण गरेको छ। यस विधिअनुसार जनसङ्ख्या, जनघनत्व, बसोबास क्षेत्र र सहरी क्षेत्रको श्रेणीगत विशेषताको निरन्तरता जस्ता चार आधारमा वडाहरूलाई ग्रामीण तथा सहरी क्षेत्र श्रेणीगत वर्गीकरण गरिएको कार्यालयले जनाएको छ।

ग्रामीण तथा सहरी क्षेत्रमा वर्गीकरणको नतिजाअनुसार राष्ट्रिय जनगणना विसं २०६८ र विसं २०७८ को बीचमा सहरी जनसङ्ख्या २२ दशमलव ३१ प्रतिशतबाट बढेर २७ दशमलव ०७ पुगेको छ। सहरोन्मुख जनसङ्ख्या ३९ दशमलव १९ प्रतिशतबाट बढेर ३९ दशमलव ७५ प्रतिशत पुगेको छ। पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्रको जनसङ्ख्या भने ३८ दशमलव ५ प्रतिशतबाट ३३ दशमलव १९ प्रतिशतमा झरेको सो अध्ययनबाट देखिएको छ।

"ग्रामीण जनसङ्ख्या अझै पनि एक तिहाइ छ। जबकी, प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट सहरोन्मुख र सहरी क्षेत्रमा बसाइँसराइले जनसङ्ख्यालाई सहरी क्षेत्रमा व्यवस्थापन गर्न कठिनाइ भएको र ग्रामीण क्षेत्रमा बसाइसराइ कम गर्न दबाब परेको देखिएको छ", अध्ययन प्रतिवेदनमा भनिएको छ। भौगोलिक क्षेत्रका आधारमा ग्रामीण जनसङ्ख्या पहाडमा ६६ प्रतिशत र हिमालमा १६ प्रतिशत छ। सहरोन्मुख जनसङ्ख्या तराई क्षेत्रमा ८५ प्रतिशत छ। स्थानीय तहअनुसार ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण गर्दा दुई हजार चार सय १२ वडामा ५८ प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्र रहेको देखिन्छ। जबकी, सहरोन्मुख छ सय ६४ वडा क्षेत्रमा ३६ दशमलव एक प्रतिशत र सहरी एक सय ३९ वडामा पाँच दशमलव नौ प्रतिशत जनसङ्ख्या छ। नगरपालिकाको २८ दशमलव ४ प्रतिशत अर्थात् पाँच सय ९१ वडाको जनसङ्ख्या सहरी क्षेत्रमा छ भने एक सय २८ वडाहरू अर्थात् करिब ४६ प्रतिशत सहरोन्मुख क्षेत्रमा छ। अझै पनि नगरपालिकाका २५ दशमलव ४ प्रतिशत अर्थात् एक हजार चार सय ४४ वडाहरू ग्रामीण क्षेत्रमा रहेको देखिन्छ। उपमहानगरपालिकामा ३९ प्रतिशत जनसङ्ख्या सहरोन्मुख र ५३ प्रतिशत सहरी क्षेत्रमा बसोबास गर्ने गरेको देखिन्छ। महानगरपालिकाहरूमा १७ प्रतिशत सहरोन्मुख र दुई दशमलव तीन प्रतिशत ग्रामीण विशेषताको छ। बाँकी ८० दशमलव ७ प्रतिशत सहरी क्षेत्र छ। यो तथ्याङ्कले नगरपालिका भए पनि बसोबास क्षेत्रको मुख्य विशेषता अझै पनि सहरोन्मुख छन् र उल्लेख्य जनसङ्ख्या ग्रामीण परिदृश्यमा नै छ भन्ने देखाउँछ। प्रदेशगत हिसाबले विश्लेषण गर्दा सङ्घीय संरचनामा सहरी र सहरोन्मुख जनसङ्ख्या ६६ दशमलव ८ प्रतिशत छ। यस्तो जनसङ्ख्या मधेस प्रदेशमा सबैभन्दा उच्च १९ दशमलव ९ प्रतिशत र बागमती प्रदेशमा १४ दशमलव ६ प्रतिशत छ। सहरी र सहरोन्मुख जनसङ्ख्या हेर्दा सबैभन्दा कम १ दशमलव २ प्रतिशत कर्णाली प्रदेशमा छ।

तथ्याङ्कले सहरी जनसङ्ख्याको वितरणमा सबैभन्दा बढी असन्तुलन तराई क्षेत्रका स्थानीय तहमा रहेको देखाएको छ। मधेस प्रदेशमा बहुसङ्ख्यक अर्थात् नौ सय ७१ वडा सहरोन्मुख छन्। बढी सहरी क्षेत्र भएको दोस्रो ठूलो प्रदेश बागमती हो। जबकि, यहाँ पनि ग्रामीण वडाको सङ्ख्या छ सय ७२ छ भने कूल सहरोन्मुख र सहरी वडा चार सय ४९ वटा छन्। कर्णाली प्रदेशमा छ सय ३७ वटा वडा ग्रामीण विशेषताका छन् भने ७५ वडा सहरी र छ वटा वडा सहरोन्मुख विशेषतायुक्त छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा नगरपालिकाको जनसङ्ख्या ६६ दशमलव १७ प्रतिशत र गाउँपालिकाको जनसङ्ख्या ३३ दशमलव ८३ प्रतिशत रहेको छ।

# सीपबिल्डिङमा सहभागीलाई उत्पादनशील क्षेत्रमा फारम भर्ने समय थप

**रासस**
काठमाडौं, १७ पुस

वैदेशिक रोजगार विभाग इपिएस कोरिया शाखाले सीपबिल्डिङमा सहभागी परीक्षार्थीका लागि उत्पादनशील क्षेत्रमा परीक्षा फारम भर्ने समय थप गरेको छ। मंगलबार बसेको महानिर्देशकस्तरको निर्णयअनुसार फारम भर्ने समय दुई दिन थप गरिएको विभागद्वारा आज जारी सूचनामा उल्लेख छ।

यसअघि यही पुस १३ गते जारी सूचनामा पुस १६ गतेदेखि १८ गतेसम्मका लागि फारम भर्ने समय तोकिएको थियो। नयाँ सूचनाअनुसार अब पुस २० गतेसम्म परीक्षार्थीले फारम भर्न पाउने छन्। विभागले पुस १३ गते ललितपुर महानगरपालिका–७ बालकुमारीमा दुःखद् घटना घट्न गई दुई जनाको मानवीय क्षति हुन गएको र मृतकको अन्तिम संस्कारमा फारम भर्ने परीक्षार्थी समावेश हुनसक्ने देखिएको तथा फारम भर्न सुरु भएको पहिलो दिन प्राविधिक कारणले प्रणालीमा समस्या देखिएकाले दुई दिनको समय थप गरिएको जनाएको छ।

# चिसो याममा पनि बिक्दैनन् बख्खु र काम्ला

**पोखरापत्र संवाददाता**
ढोरपाटन, १७ पुस

"हाम्रो पालामा अहिलेको जस्तो कपडाहरू पाइँदैनथ्यो, खुट्टामा जुत्ता चप्पल लगाउने चलन थिएन, ऊनको कपडा ओढेर चिसो छल्ने गर्थ्यौं, घरपिच्छे मान्छेहरूले घुम, काम्लो, भाङ्ग्रा बुन्थे तर अहिले कसैले पनि बुन्दैनन्, बुने पनि बिक्री नै हुँदैन," भन्नुहुन्छ, निसीखोला गाउँपालिका–६ का ७४ वर्षीय वीरमान बुढामगर। उहाँ अहिले पनि प्रायःजसो भेडाकै रौँबाट बनेका कपडा प्रयोग गर्नुहुन्छ। पहिले जोडमा न्यानो र गर्मीमा शीतल हुने हुँदा ऊनकै कपडा बढी प्रयोग हुन्थे तर हिजोआज गाउँघरमा पनि सबै प्रकारका कपडा आउन थालेपछि परम्परादेखि चलनचल्तीमा आएका भेडाका रौँका कपडा कम प्रयोग हुने गरेको उहाँको भनाइ छ।

भेडापालक किसान घट्दै गएकाले तिनको भुल्लाबाट बन्ने कपडा पनि निकै कम मात्रामा उत्पादन हुँदै आएको छ। पहिले गाउँका हरेक व्यक्तिमा काम्लो, भाङ्ग्रालगायत कपडा बुन्ने सीप थियो तर अहिले थोरैले मात्र कपडा बुन्ने काम गर्दै आएको बुढामगर बताउनुहुन्छ। दिनप्रतिदिन बजारको सुविधा गाउँमा पनि पुग्न थालेसँगै गाउँका मौलिक संस्कृति ओझेलमा पर्दै गएको र युवा पुस्ताले ऊनबाट बनेका कपडा प्रयोग गर्नाको साटो विदेशी महङ्गा कपडा लगाउन खोज्ने गरेको उहाँको भनाइ छ। ढोरपाटन नगरपालिका–९ की बिनु पुनमगर अहिले पनि फुर्सदमा तिनै भुल्ला बाटेर कपडा बनाउने गर्नुहुन्छ। घर्किंदो उमेरमा पनि उहाँ निकै आकर्षक कपडा बुन्ने गर्नुहुन्छ। तर धेरै समय लगाएर तयार भएका कपडा बिक्री भने नहुने पुनमगरको गुनासो छ। एघार वर्षको उमेरदेखि आमा, हजुरआमा र छिमेकीहरूबाट कपडा बनाउन सिक्नुभएका उहाँ डेढ दशक अगाडिसम्म निकै व्यापार हुने गरे पनि अहिले एउटा पनि बिक्री गर्न नसकेको बताउनुहुन्छ। "हाम्रो जमानामा अहिलेको जस्तो लुगा पाउन मुस्किल हुन्थ्यो, गाउँघरमै बनाएर लगाउने गरिन्थ्यो, जसरी भए पनि जाडो छेकन पाए हुन्थ्यो, एकपटक बजारबाट ल्याएको कपडा वर्षौंसम्म लगाइन्थ्यो तर अहिले त गाउँगाउँमा लुगा पसल आए, जतिबेला किने पनि भयो, जस्तो किने पनि भयो", पुनमगर भन्नुहुन्छ, "उतिबेला अहिलेको जस्तो सुविधा थिएन, एक जोर कपडा किन्न हजारौं खर्च गरेर बजार पुग्नु पर्थ्यो, त्यसबेला घरै काम्लो, बख्खु र भाङ्ग्रा बिक्री हुन्थे अहिले ती कपडा कसैले पनि किन्दैन, कहिलेकाहीँ विदेश जानेले मात्र रहर गरेर लैजान्छन्।"

पश्चिम बागलुङको माथिल्लो क्षेत्रमा यदाकदा ऊनका कपडा देखिन्छन्। यस क्षेत्रमा बस्ने अधिकांश मानिस भेडापालन गर्ने हुँदा ऊनका कपडा बढी लगाउने गर्थे। एकै परिवारले हजारौँ भेडा पाल्ने हुँदा तिनका भुल्लाबाट कपडा बनाउने गरिन्थ्यो। पछिल्लो समय युवा पुस्ताले सहर बजार र विदेश रोज्न थालेपछि भेडापालन नै सङ्कटमा पर्ने डर बढेको छ। वर्षौं पहिलेदेखि पुस्तान्तरण हुँदै आएको भेडापालनमा अहिले कमी आएको छ। अहिले पनि माथिल्लो खर्कहरूमा पुग्दा भेडाका बथान भेटिन्छन्। भेडापालन गर्ने अधिकांश बूढापाका नै हुन्छन्। भुल्लाबाट बनेको हापदुला, काम्लो, बख्खु, घुमलगायत कपडाले वर्षाबाट ओत दिनाका साथै हिउँमा जाडो छेक्ने गर्मीमा घाम छेक्ने हुँदा निकै उपयोगी मानिन्छ।

तमानखोला गाउँपालिका–३ का भीमबहादुर रोका अहिले पनि भुल्लाबाट धेरै थरीका कपडा बनाउनुहुन्छ। सयौँको सङ्ख्यामा भेडा पाल्नुभएका उहाँ हिउँदमा बैँसी र बर्खामा लेकमा बिताउने गर्नुहुन्छ। लेक–बैँसीमा बस्दा रोका फुर्सद निकालेर काम्लो, हापदुला र बख्खु बुन्नुहुन्छ। गाउँघरमा बिक्री नहुने कपडालाई उहाँ विदेश पठाउने गर्नुहुन्छ। एउटा बख्खुको रु २० हजारदेखि ४० हजारसम्म पर्छ। पहिले–पहिले वर्षमा १५/२० वटा काम्लो, बख्खु र भाङ्ग्रा बेच्ने गरेकामा अहिले चारपाँचवटा पनि बिक्री नहुने रोका बताउनुहुन्छ।

# प्रथम राष्ट्रिय दरैं फुटबल प्रतियोगिता तनहुँमा

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ पुस

पहिलोपटक देशव्यापी दरैं (दराई) समुदायको फुटबल प्रतियोगिता तनहुँमा आयोजना गरिएको छ। अल्पसङ्ख्यक दरैं समुदायलाई खेलप्रति आकर्षित गर्ने उद्देश्यले नेपाल दरैं समाज तनहुँको आयोजनामा प्रथम राष्ट्रिय दरैं सेभेन 'ए' साइड फुटबल प्रतियोगिता तनहुँमा हुने भएको हो। आगामी माघ १५ गतेदेखि तनहुँको व्यास नगरपालिका–३ बिपी वनवाटिका खुला मैदानमा प्रतियोगिता हुनेछ। पिछडिएका दरैं जातिका खेलाडीलाई प्रोत्साहन गर्ने, देशव्यापी दरैं युवाबीच एकापसमा परिचित, सद्भाव र पारस्परिक मित्रभाव जगाउने, दुर्व्यसनी लागुऔषध, विसङ्गति विकृति फैलिनबाट जोगाउने र राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ प्रतियोगिता गर्न लागिएको समाजका अध्यक्ष ठाकुरबहादुर दरैले जानकारी दिनुभयो। उहाँका अनुसार दरैं समुदायलाई खेलसम्बन्धी सचेतना गराउनाका साथै खेलकुदमार्फत समुदायको प्रवर्द्धनमा टेवा पुऱ्याउने लक्ष्य लिइएको छ। तनहुँ, चितवन, नवलपुर, गोर्खा, धादिङ दरैं जातिको बाक्लो बसोबास रहेको छ। उहाँले भन्नुभयो, "नितान्त दरैं समुदायका खेलाडीको मात्रै प्रतियोगितामा सहभागिता रहनेछ, यसले सबै स्थानका दरैं समुदायबीचको एकता कायम गर्न मद्दत मिल्ने अपेक्षा गरेका छौं।" प्रतियोगितामा सहभागिताका लागि ३२ गाउँका दरैलाई पत्राचार गरिएको उहाँले बताउनुभयो। देशभरबाट २० समूह सहभागी गराउने लक्ष्य राखिएको समाजका सचिव विजय दरैले जानकारी दिनुभयो। उहाँका अनुसार बाक्लो बस्ती रहेका स्थानका भने बढी समूह सहभागी गराइनेछ। प्रथम पुरस्कार रु एक लाख एक हजार एक सय ११ र द्वितीय पुरस्कार रु ५१ हजार एक सय ११, मेडल र प्रमाणपत्र प्रदान गरिने समाजका कोषाध्यक्ष आशा दरैले जानकारी दिनुभयो।

त्यस्तै उत्कृष्ट खेलाडीलाई रु दुई हजार, उत्कृष्ट गोल रक्षकलाई रु एक हजार पाँच सय र सर्वाधिक गोलकर्तालाई रु एक हजार पाँच सय, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ। विसं २०७८ को जनगणनाअनुसार देशभरमा दरैं जातिको कूल सङ्ख्या २० हजार रहेका तथ्याङ्कमा उल्लेख छ। प्रतियोगिता सम्पन्न गर्न रु १० लाख ८३ हजार सात सय २२ लाग्ने अनुमान गरिएको समाजले जनाएको छ। प्रतियोगिता सम्पन्न गर्न विभिन्न सङ्घसंस्था, व्यक्ति, स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग सहयोगको अपेक्षा गरिएको बताइएको छ।

# बास्ना गुमाउँदै पोखरेली ‘जेठोबुढो’

जमुना वर्षा शर्मा
पोखरा, १७ पुस

“खेतका फाँटहरूमा धानको बाला लाग्न थालेपछि मगमग बास्ना आउँथ्यो, घरमा भात पकाउँदा बाहिरसम्म बसाउँथ्यो तर अहिले खै कता हरायो जेठोबुढोको बास्ना ?” पोखरा महानगरपालिका-२३ घाँटीछिनाका ५३ वर्षीय लोकबहादुर गुरुङले भन्नुभयो । “एउटा घरमा जेठोबुढो पकाउँदा टोलमै मगमग बास्ना आउँथ्यो । पहिला गाईवस्तुकै मलले खेतीपाती लगाउन पुग्थ्यो, तर अहिले बाहिरबाट रासायनिक मल भन्दै थुप्रै किसिमका मल आए । अहिले खेती गर्दा कमिला मार्ने औषधि, पोटास के हो के हाल्नुपर्छ सबै विषाक्तको प्रयोगले माटो नै मरिसक्यो । अनि अर्ग्यानिक स्वाद कहाँ पाउनु ।”

कृषि सञ्जालका संयोजकसमेत रहनुभएका गुरुङले जेठोबुढोको बास्ना हराउनुमा वातावरण प्रतिकूलको असर, रासायनिक मलको प्रभाव र उन्नत जात (हाइब्रिड) धानको बीउ नै प्रमुख कारण भएको बताउनुहुन्छ, “तत्कालीन समयमा किसानलाई रैथाने स्वाद र बास्नाभन्दा धेरै फल्ने धानको बीउ अनुदानमा दिइयो । रासायनिक मल प्रयोग गर्न प्रेरित गरियो, किसान उत्पादन बढेकामा खुशी माने तर यता बास्नादार रैथाने जातका धानको बीउ मासिँदै गयो ।” विषादीको प्रयोग बढे धानमात्र नभई स्थानीय तरकारी, फलफूलमा पनि उस्तै असर परेको उहाँको भनाइ छ । “किसानलाई सबैकुरा जानकारी नहुने भएकाले कृषि विज्ञहरूले यसको महत्व बुझाएर रैथाने बाली प्रवर्द्धनका कार्यक्रम ल्याउनु पर्थ्यो तर त्यो भएन”, गुरुङले भन्नुभयो, “बुझाउनेहरूले राम्रोसँग बुझाएनन्, उत्पादन बढ्छ भन्ने बहानामा उन्नत जातको धानको बीउ प्रयोग गर्न लगाउँदा र अनेक विषादीको प्रयोग गर्न सिकाउँदा रैथाने बालीहरू लोप हुँदै गए, योसँगै पहिले गुर्दी गुरुडा, ठिमाहालगायत धानहरू पनि विस्थापित हुँदै गए ।” अहिले महानगर, जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लि-बर्ड) जस्ता संस्थाले रैथाने बाली प्रवर्द्धनको कार्यक्रम ल्याएर केही प्रवर्द्धनको पहल गरेको उहाँको भनाइ छ ।

पोखरा-१३ का किसान टेकनाथ बराल पनि प्रतिकूल वातावरण, रासायनिक मलको प्रयोग साथै मूलको पानीको अभावले जेठोबुढो धानको बास्ना हराउँदै गएको बताउनुहुन्छ, “पहिला मूलको चिसो पानीबाट सिँचाइ हुन्थ्यो, गाईवस्तुको मलले नै खेती लगाउन पुग्थ्यो तर अहिले वातावरण बदलिएको छ, धानका बीउ पनि मासिन थाले, धेरै फल्ने धान लगाउन थाले”, बरालले भन्नुभयो । उहाँले आफूले जेठोबुढो प्रवर्द्धनका लागि लिबर्डको सहयोगमा सुधारिएको जेठोबुढो बीउ उत्पादन र बिक्री वितरण गरिरहेको बताउनुभयो ।

जेठोबुढोको मागलाई ध्यानमा राखेर स्थानीय धानका जात संरक्षणमा जुटेको लि-बर्डले यो धान संरक्षणमा अगुवाइ गरेको सो संस्थाका वरिष्ठ कार्यक्रम अधिकृत इन्द्रप्रसाद पौडेल बताउनुहुन्छ । “पोखरा आउने पाहुनादेखि देश-विदेशमा समेत माग हुँदै आएको स्वादिलो जेठोबुढोको भातको बास्ना पहिलाजस्तो नभए पनि यो धानलाई लोप हुनबाट जोगाउन केही पहल भने भएका छन्,” पौडेलले भन्नुभयो । उहाँका अनुसार पोखरा आसपासका विभिन्न फाँटमा किसानले लगाएको जेठोबुढो धानमा एकरुपता थिएन । के कारणले विविधता आयो भन्ने विषयमा नेपाल कृषि अनुसन्धान परिषद् र लि-बर्डले तत्कालीन जिल्ला कृषि विकास कार्यालय मिलेर सातवटा फाँटबाट तीन सय ३८ वटा किसानबाट जेठोबुढो धानको नमूना सङ्कलन गरेर लगातार परीक्षण गरेको थियो । परीक्षणपछि सन् २००६ मा सुधारिएको पोखरेली जेठोबुढो नामाकरण गरियो ।

राष्ट्रिय स्तरबाट सूचीकृत नभए बिक्रीवितरण गर्न नपाइने भएकाले सूचीकृतपश्चात् यसको प्रवर्द्धनमा अझ बढी चासो दिइएको उहाँको भनाइ छ । किसानको अनुभवमा बगिरहने चिसो पानीमा यसको गुणस्तर उच्च हुने भएको र पोखरा फेवाफाँटको जस्तो उत्पादन अन्तको फाँटमा नहुने उहाँको बुझाइ छ । पछिल्लो समय उन्नत जातले पेल्दै जाँदा र खेतीयोग्य जमिनमा चक्लाबन्दी हुन थालेपछि पनि यसको गुणस्तर ह्रास आएको उहाँ बताउनुहुन्छ ।

लि-वर्डले जेठोबुढो स्रोत बीउ जिम्मेवारी लिएको छ । कृषि ज्ञान केन्द्र र पोखरा महानगरपालिकाले सिफारिस गरेका किसानलाई बीउ उत्पादनका लागि दिँदै यसको संरक्षण र उत्पादनमा पहल गरिरहेको उहाँको भनाइ छ । उहाँका अनुसार गत वर्ष एक हजारदेखि १५ केजी बीउको बिक्रीवितरण हुने गरेको थियो । उत्पादनका हिसाबले कम फले पनि प्रतिक्विन्टल रु नौदेखि १० हजारमा बिक्रीवितरण हुने भएकाले किसानको चाहना अझै पनि जेठोबुढोमा रहेको छ ।

महानगरपालिकाले जेठोबुढो धानको प्रवर्द्धनका कार्यक्रम ल्याएकाले यसको बास्ना हराए पनि लोप हुनबाट जोगाउने पहल भइरहेको बताउँदै पौडेल भन्नुहुन्छ, “यस धानका बारेमा अनुसन्धान गरेर अझै कसरी विस्तार गर्न सकिन्छ भन्ने विषयमा अनुसन्धान जारी नै रहेको छ ।” पोखरा महानगरपालिकाले सुधारिएको पोखरेली जेठोबुढो पुरानो रैथाने जातको धानको २०६३ सालमा नेपाल सरकारले सूचीकृत गऱ्यो । सुरुआततिर जेठोबुढो मात्रै भनेर भनिए पनि अहिले यो जातको धानलाई पोखरेली जेठोबुढोको भनेर चिनिन्छ । पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनहर कडरिया पनि मगमग बास्ना आउने, लामो सीता भएको र खाँदा नरम हुने जेठोबुढोको विभिन्न कारणले बास्ना हराउँदै गएको बताउनुहुन्छ । पौडेल भन्नुहुन्छ, “यो धानको पहिला बास्ना धेरै आउने गर्थ्यो, कम फले पनि मीठो बास्नासहित स्वादिलो थियो तर अहिले खेती गर्ने तौरतरिकामा फेरबदल, आयातित मलको प्रयोग, सिँचाइको अभावले यसको रैथाने स्वादमा प्रभाव पाऱ्यो ।”

प्रमुख कडरियाका अनुसार जेठोबुढोमा एकरुपता नहुँदा तीन सबभन्दा बढी जातबाट छनौट गरेर छवटा जातलाई सम्मिश्रण गरेर एउटा जात बनाइएको थियो । यसभित्र बास्ना आउने, कम बास्ना आउने, उत्पादन बढी हुने र घटी हुने, कोही अग्लो, कोही होचो, कोही रोग पनि सहन सक्ने सबै पर्दछन् । चिसो पानीमा कहीँकतै अझै पनि बास्नादार जेठोबुढो फल्ने गरेको उहाँको भनाइ छ । उहाँले जेठोबुढोको महानगरपालिकाले ‘ब्रान्डिङ’ गरेर न्यूनतम समर्थन मूल्य तोकेपछि यसको महत्व झनै बढेको र अहिले पनि प्याकेजिङ र प्रशोधनमा सहयोग गर्न भनेर कार्यक्रम राखेको बताउनुभयो ।

अहिले ११ हजार दुई सय हेक्टरमध्ये ४० प्रतिशत जमिनमा जेठोबुढो लगाउने गरिएको पाइन्छ । पोखरामा करिब १५ मेट्रिक टन जेठोबुढो उत्पादन हुँदै आएको छ । छ सयदेखि नौ सय मिटरसम्मको उचाइमा खेती हुने यो धान प्रतिरोपनी तीन मुरीसम्म फल्ने गर्दछ । पोखरा र आसपासका किसानले परापूर्वदेखि लगाउँदै आएको यो धानमा व्यापक अनुसन्धानको खाँचो रहेको कडरिया बताउनुहुन्छ । तत्कालीन नगरप्रमुख मानबहादुर जिसीको कार्यकालमा पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममार्फत पोखरेली जेठोबुढो धानको ब्रान्डिङ गर्ने घोषणा गरेको थियो भने जेठोबुढो धान रोप्ने किसानलाई उत्पादनका आधारमा अनुदान दिने गरेको थियो । योसँगै जेठोबुढो धानको न्यूनतम मूल्य तोकेर महानगरले यो अभियानलाई व्यवहारमा उतारेको कडरियाले बताउनुभयो । अहिले महानगरले एक क्विन्टल जेठोबुढो धानको मूल्य नौ हजार पाँच सय तोकेको छभने केजी रु ९५ तोकिएको छ ।

कडरियाका अनुसार पोखरेली ब्रान्ड जेठोबुढो उत्पादनमा किसानलाई आकर्षित गर्ने साथै यो जातको धानलाई जोगाइराख्ने हिसाबले धानको मूल्य निर्धारण गरिएको र व्यावसायिक हिसाबमै जेठोबुढो उत्पादन गर्न किसानलाई प्रोत्साहितसमेत गर्दै आएको बताउनुभयो । पोखरा महमानगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा ५० प्रतिशत अनुदानमा नौ टन जति जेठोबुढोको धानको बीउ वितरण गरेको छ । जेठोबुढोको निकै विविधता भएकाले यसलाई कृषि अनुसन्धान विधिबाटै बास्ना आउने धानको बीउमात्र छुटाएर लगाउन सके यसको बास्ना कायम गर्न सकिने बताइएको छ । कृषि ज्ञान केन्द्र गण्डकी प्रदेशका प्रमुख किरण सिग्देलले पोखराको क्षेत्रमा प्रचलित जेठोबुढो सर्वत्र रुचाइएको भए पनि अहिले बास्ना हराएको गुनासो सर्वत्र आएको बताउनुभयो । उहाँले भन्नुभयो, “बास्ना घटे पनि यसको उत्तिकै माग भएको र खाद्यान्न प्रवर्द्धन आयोजनाबाट आएका किसानलाई छनौट गरेर जेठोबुढो बीए उत्पादनका लागि पनि पहल गर्दै आएका छौँ ।” उहाँले जेठोबुढोको बारेमा औपचारिक रुपमै कृषि प्रणालीमार्फत अनुसन्धान हुन जरुरी रहेको बताउनुभयो ।

आयातित रासायनिक मलको प्रभावले जेठोबुढोको बास्न हराएको हुनसक्ने विज्ञहरूको भनाइ छ । ऋषि कृषि खोज पाठशालाका अध्यक्ष रामचन्द्र बराल पनि जेठोबुढो स्वाद निकै मीठो भएर काँचै खाँदा पनि स्वाद आउने गरेकामा अहिले त्यसको स्वाद हराउँदै गएको बताउनुहुन्छ । उहाँका अनुसार रासायनिक मलको प्रयोगले क्रमशः माटोमा अम्लियपन ल्याई बालीको गुण बिगार्नाका साथै विभिन्न नयाँ नयाँ रोगहरू देखिन थालेको हो । आयातित बीउलाई प्राथमिकता दिँदा रैथाने बीउ मासिँदै गएको र यसको असर जेठोबुढो धानमा पनि परेको उहाँको भनाइ छ ।

# नब्बे हजार विदेशी पर्यटकद्वारा मुस्ताङ भ्रमण

रासस
म्याग्दी, १७ पुस

पर्यटकीय जिल्ला मुस्ताङमा एक वर्षको अवधिमा ९० हजार विदेशी पर्यटकले भ्रमण गरेका छन् । सन् २०२३ मा ९० हजार तीन सय ५६ जना विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालयले जनाएको छ ।

एक्यापका प्रमुख पदमराज रेग्मीले सन् २०२२ को तुलनामा २४ हजार चार सय २५ जना बढी पर्यटक मुस्ताङ भ्रमणमा आएका जानकारी दिनुभयो । “ राष्ट्रिय सडक सञ्जालमा जोडिएको, अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका उत्कृष्ट १० गन्तव्यमा समेटिएको यो जिल्लाको प्रचुर मात्रामा प्रचार-प्रसार भएसँगै सुविधायुक्त होटल खुलेका कारण मुस्ताङमा पर्यटक आगमन बढेको हो”, उहाँले भन्नुभयो, “भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथ र मुस्ताङको भ्रमण गरेपछि भारतीय नागरिक मुस्ताङ भ्रमणमा आउने क्रम पनि बढेको छ ।” सन् २०२२ मा ६५ हजार नौ सय ४०, सन् २०२१ मा दुई हजार तीन सय र २०२० मा दुई हजार तीन सय ४७ जना पर्यटक मुस्ताङ आएका थिए । कोरोना महामारीअघि मुस्ताङमा अधिकतम वर्षिक ६० हजार जनासम्म पर्यटक आएका थिए । सन् २०२३ मा मुस्ताङ भ्रमणमा आएकामध्ये ७२ हजार एक सय ९० जना दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)राष्ट्रका र १८ हजार एक सय ६६ जना तेस्रो मुलुकका छन् । दश हजार सात सय ३३ जना पर्यटक थोराङ्ला पास भएर मनाङ हुँदै मुस्ताङ आएका एक्याप प्रमुख रेग्मीले बताउनुभयो । कागबेनीबाट कोरला नाकासम्मको उपल्लो मुस्ताङको अर्धनिषेधित भूगोलमा भ्रमण गर्न विदेशीले सात दिनका लागि पाँच सय डलर शुल्क तिर्नुपर्छ । गण्डकी प्रदेशको लमजुङ, कास्की, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लामा समेटिएको एक्याप क्षेत्रको भ्रमण गर्न सार्क मुलकका पर्यतटकलाई प्रतिव्यक्ति रु एक हजार र तेस्रो मुलुककालाई प्रतिव्यक्ति रु तीन हजार तोकिएको छ । उजाड पहाड, हिमाली हावापानी, संस्कृति र जीवनशैली, ताल, गुम्बा, मुक्तिनाथ मन्दिर, गुफा मुस्ताङका आकर्षण हुन् । मुक्तिनाथ, जोमसोम, कागबेनी, लोमान्थाङ, मार्फा, ठिनी, धुम्बाताललगायत मुस्ताङका धार्मिक र पर्यटकीयस्थलमा पर्यटक आगमन पुरानै लयमा फर्किएको छ ।

म्याग्दी हुँदै सडक र पोखराबाट हवाईमार्ग भएर पर्यटक मुस्ताङ पुग्ने गरेका छन् । मनाङ हुँदै थोरङ्ला भञ्ज्याङ पार गरेर केही पर्यटक मुस्ताङ प्रवेश गर्ने गरेका छन् । विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा समेटिएको मुस्ताङ आन्तरिक र बाह्य पर्यटकको रोजाइमा परेको छ । समग्रमा मुस्ताङमा विदेशी पर्यटकको सङ्ख्या बढेको पाइए पनि सार्क मुलुक बाहिरका पर्यटकको सङ्ख्या भने घट्दै जानु चुनौती रहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले राससलाई बताउनुभयो ।

# पूर्वशिक्षकको पशुपालन

रासस
म्याग्दी, १७ पुस

कास्की जिल्ला, रुपा गाउँपालिका-६ भोर्लेका ७० वर्षीय तिलबहादुर खड्का गाउँ फर्केर व्यावसायिक पशुपालनमा रमाउन थाल्नुभएको छ ।

एक दशकको पोखराको बसाइ त्यागी गाउँ फर्कनुभएका खड्काले भिरचोकस्थित चन्द्रप्रभा माविमा १२ वर्ष प्रधानाध्यापक र १० वर्ष देउराली स्रोत केन्द्रको स्रोतव्यक्तिसहित चार दशक शिक्षण पेसामा रहेर सेवा गर्नुभएको थियो । खड्काले दर्ता गरेको देउराली फार्ममा उन्नतजातका १७ वटा भैँसी र १५ वटा गाई छन् । फार्ममा दैनिक एक सय लिटर दूध उत्पादन हुन्छ । बजारमा बिक्री गरेर मासिक रु पाँच लाख आम्दानी हुने गरेको छ । भैँसीको दूध प्रतिलिटर रु एक सय ४० र गाईको दूध रु एक सय २० का दरले बिक्री हुन्छ ।

बिहान सबेरै स्कुटरमा दूध बोकेर बजार लैजाने र फर्कंदा गाईभैँसीलाई आवश्यक दाना चोकर बोकेर ल्याउने दैनिकी बनाउँदै आउनुभएका उहाँका कान्छा छोरा भूपेन्दबहादुर खड्का विदेश जानुभन्दा गाउँको जग्गालाई सदुपयोग गर्दै परिवारसँगै बसेर पशुपालनबाट मनग्ये आम्दानी गर्नु राम्रो भएको बताउनुहुन्छ । “गोठमा रहेका माहु, भैँसी र गाई अधिकांश ब्याउनेछन् फागुन महिनादेखि दैनिक दुई सय लिटर दूध उत्पादन हुन्छ”, उहाँले भन्नुभयो, “गाईभैँसी थपेर दैनिक पाँच सय लिटर दूध उत्पादन गरी बजारमा बिक्री गरेर मासिक रु १५ देखि २० लाख आम्दानी गर्ने लक्ष्य छ ।” गाउँबाट दूध बोकेर पोखरा जानु र तीन बोरासम्म चोकरदाना बोकेर फर्कंदा ६० देखि ७० किलोमिटर स्कुटरको यात्रा कष्टकर बनेको दुखेसो सुनाउँदै बिबिएस उत्तीर्ण गर्नुभएका ३३ वर्षीय खड्काले भ्यान भए उत्पादित दूध बिक्री र पशु आहारा ओसारपसारमा सुविधा पुग्ने बताउनुभयो । स्थानीय रुपाकोट रिसोर्टले दैनिक २० लिटर दूध र फार्ममा उत्पादित मल खरिद गर्ने गरेको छ । बाँकी दूधको बजार पोखरा नै हो । फार्मबाट जम्मा भएको गोबर मल बिक्रीबाट हालसम्म रु चार लाख आम्दानी भएको छ । नस्ल सुधारका लागि रु ९० हजारमा राँगो खरिद गर्दा गाउँपालिकाबाट रु ३० हजार अनुदान प्राप्त भएको उहाँले बताउनुभयो । दूध बिक्रीभन्दा पनि फार्ममा जन्मेका पाडापाडी हुर्काउने अभियान छ । गोठमा यतिखेर २० वटा पाडी, दुईवटा पाडा र चारवटा बाच्छाबाच्छी छन् । स्थानीय खडागाउँको पानीको स्रोत सुकेपछि खरिबोटको पानी मोटरको सहायताले ल्याउँदा थप रु ६५ हजार लगानी भएको छ । पाडापाडी हुर्काएबापत गण्डकी प्रदेश सरकारबाट रु ९० हजार अनुदानसमेत प्राप्त गर्नुभएको र यस वर्ष रु ५० हजार अनुदान पाउने विश्वास व्यवसायी खड्काको छ । प्रदेश सरकारले पाडापाडी हुर्काउने पशुपालकलाई प्रतिपाडी रु १० हजार अनुदानको व्यवस्था गरेको छ । घाँसमा आधारित पशुपालन गर्ने लक्ष्यका साथ २७ रोपनी जग्गामा सुपरनेपिएर जातका बिरुवा, डाले र भुइँघाँस लगाएका कारण पनि पशुपालनमा सुविधा पुगेको छ । एभरेष्ट बैङ्कबाट रु ७० लाख कृषि ऋण लिएर फार्म सञ्चालन गरेको बताउँदै खड्का भन्नुहुन्छ, “गाउँको पायक पर्ने स्थानमा १८ रोपनी जग्गा खरिद गरी सुरु गरेको फार्ममा हालसम्म रु एक करोड ५० लाख लगानी भइसकेको छ ।” फार्ममा पाँच जनाले रोजगारी पाएका छन् ।

उर्वर र रमणीय भोर्ले गाउँका ८० घरमध्ये अहिले चार घरमा मात्र मानिस बस्छन् । बाँकी घर रित्तिएका छन् । जग्गा बाँझो भई जङ्गलमा परिणत भएको छ । साढे दुई वर्षको अवधिमा चरनमा छवटा बाच्छीलाई चितुवाले मारेको छ । पशु बीमाको क्षतिपूर्ति पाउँदा केही हदसम्म राहत मिलेको छ । सहरबाट गाउँ फर्केर पशुपालन व्यवसाय सञ्चालन गर्नु सबैका लागि प्रेरणाका स्रोत भएको गाउँपालिकाका अध्यक्ष नवराज ओझा बताउनुहुन्छ । पालिकाले पशुपालन किसानको प्रोत्साहनका लागि ढुवानी, घाँसका बिरुवा, भकारो सुधार, नस्लसुधार लगायतमा अनुदानको व्यवस्था गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

सडक पूर्वाधार निर्माणसँगै पालिकालाई कृषिको पकेट क्षेत्रका रूपमा विकास गरी स्थानीय बासिन्दाको आयआर्जनमा वृद्धि गर्ने लक्ष्यका साथ पशुपालन, कृषि, मौसमी तथा बेमौसमी तरकारीखेती, मौरीपालनलगायत क्षेत्रमा सहयोग गर्दै आएको गाउँपालिकाले जनाएको छ ।

# हिउँ, हिमाल र हिउँ चितुवाको मारमा याकचौँरी

रासस
मनाङ, १७ पुस

हिमाली जिल्ला मनाङका बासिन्दाको मुख्य व्यवसाय कृषि, पशुपालन र पर्यटन हो । पर्यटक आमगन वृद्धि भएसँगै पर्यटन व्यवसायको सुरुआत भएको हो भने कृषि र पशुपालन यहाँको परम्परागत व्यवसाय हुन् ।

यहाँका स्थानीय बिस्तारै पशुपालनबाट विमुख हुने अवस्थामा छन् । घाँसको अभावले गर्दा यहाँका बासिन्दा व्यवसाय फेर्न थालेका छन् । विदेशिने क्रम बढ्नाका साथै परम्परागत व्यवसायबाट लाभ कम हुन थालेसँगै व्यवसाय परिवर्तनको अवस्थामा यहाँका बासिन्दा छन् । पहिलेभन्दा हिमपातमा कमी आउँदा पशुपालक किसान मारमा परेका छन् । हिमपात परेको खण्डमा यहाँ याकचौँरीका लागि घाँस पलाउने गर्दछन् । हिमपात कम हुन थालेपछि भने घाँसको कमी हुँदै गएको मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका ६० वर्षीय पशुपालक किसान याङ्चु खण्डा लामाले बताउनुभयो ।

उहाँले भन्नुभयो, “पहिले पहिले हिउँदका लागि वस्तुभाउलाई खुवाउन घाँस सुकाएर राखिन्थ्यो, अहिले घाँस नै कम पाइन्छ, पानीको अभावले घाँस नै हुन छाड्दै गएको छ, पहिले समयमा हिउँ पर्थ्यो र घाँस पनि समयमा नै पलाउथ्यो, अहिले घाँस पलाउनै छाड्यो, पहिलेको जस्तो घाँस नै आउँदैन ।” पशु पाल्न र कृषिमा लाग्न पानी नै मुख्य आवश्यकता रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “अहिले त खर्क पनि झन् माथि सरेको जस्तो पो लाग्छ, घाँस खोज्दै वस्तुमाथि माथि जान्छन्, हामी पछि लागिरहन्छौँ ।” जतिमाथि गयो उति नै हिउँ चितुवाको डर पनि बढ्दै जाने गरेको उहाँले बताउनुभयो । आहाराको अभावले हिउँ चितुवाले अहिले घरपालुवा पशुलाई आक्रमण गर्ने क्रम बढ्दै गएको छ । त्यस्तै पशुपालक किसान सोनाम लामाले माथि खर्कमा लैजाँदा चितुवाको जोखिम बढ्दै जाने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “माथि खर्कमा याकचौँरी चराउन लैजाँदा चितुवाले सताउँछ, गोठमा कुर्दाकुर्दै बाच्छाबाच्छी मार्दिन्छ, कैयौँ दिन त नसुतीकनै गोठ कुरिन्छ, तर पनि हुँदैन ।” चितुवाको आक्रमण बढेको सुनाउँदै उहाँले भन्नुभयो, “चितुवा बढेको हो कि आहारा कम भएको बुझ्नै सकिएको छैन, घाँसको कमी उस्तै छ, हिउँ चितुवाले पनि सताउने क्रम बढेको छ, बाच्छाबाच्छीलाई सुरक्षित राख्ने भनेर खोरमा राखिन्छ, तर कहिलेकहीँ त माउलाई नै मार्दिन्छ, बच्चा हुर्काउनै मुस्किल हुन्छ ।” मनाङ डिस्याङ-१ पिसाङका ७० वर्षीय याङदुङ गुरुङले घाँस कम हुने, गोठाला नपाउने र हिउँ चितुवाको आक्रमण बढ्दै जाँदा पुशपालन घट्दै गएको बताउनुभयो । उहाँले भन्नुभयो, “पहिले सयौँ याकचौँरी, भेडा, घोडा पाल्दै आए पनि अहिले घटाउँदै लगेको छु, गोठाला पाउनै मुस्किल छ, घाँस घटेको छ ।” गोठ माथि खर्क लैजाने बेलामा पशुचौपाया हेर्न गोठाला बिना नहुने अवस्था रहेको उहाँले सुनाउनुभयो ।

चितुवाको आक्रमणले पशुचौपाय मार्ने र घाइते बनाइदिने भएपछि गोठाला बिना पशु पाल्न सक्ने अवस्था नरहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “हिउँ कम पर्छ, हिउँ नपरेपछि केको घाँस पलाउनु पानी नै हुँदैन, पानी र घाँसको अभावले वस्तु पाल्न पनि कम गर्नुपर्ने बाध्यता आउन थालेको छ ।” बिस्तारै हिमाली जिल्लामा नै हिउँ कम पर्न थालेको पाइन्छ । हिउँ कम पर्दै जाँदा कृषि र पशुपालनमा लागेका किसान मारमा पर्ने गरेका छन् ।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०९/१७

मादी गा.पा. कास्कीको मिति २०८०/०९/१७ गतेको पत्र संख्या ९७३ को पत्रअनुसार यस श्री शिव आधारभूत विद्यालयमा रिक्त रहेको प्रा.वि. तह तृतीय श्रेणीको करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८०/०९/०१ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**

विज्ञापन नं.: ०२/२०८०

पदः शिक्षक संख्याः १ जना तहः प्रा.वि.

तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह

उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको योग्यताः +२ वा सो सरह

आवश्यक कागजातहरुः

- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८०/१०/०२ गते ४:०० बजेसम्म

परीक्षा मितिः २०८० माघ ०२ गते जानकारी गराइने ।

दरखास्त दस्तुरः रु १०००।- (एक हजार मात्र)

परीक्षाको किसिमः लिखित र अन्तवार्ता

परीक्षा हुने स्थानः सम्पर्क मितिमा तोकिने छ ।

नोटः करार योग्यता सूची २०७९ मा सूचिकृत उम्मेद्वारले दरखास्त दिएको खण्डमा अन्य उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुने छैन । तर करार सूचीमा सूचीकृत उम्मेदवारहरुले विज्ञापन भएको ७ दिनभित्र सम्पर्क गरिससक्नुपर्नेछ ।

**श्री शिव आधारभूत विद्यालय**

**मादी गाउँपालिका-८, पातलचौतारी, कास्की**

**सम्पर्क नं.: ९८०६६५७२०५(वि.व्य.स.अ.),९७६७२९९१३८ (प्र.अ.)**